(त) **"सामुदायिक संस्था"** भन्नाले साविकमा गरिवी निवारण कोषले निर्माण गरेका अनुसूची १ बमोजिमका सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ ।

(थ) **"घुम्ती कोष"** भन्नाले सामुदायिक संस्थाहरुमा गरिवी निवारण कोष र बचतकर्ताहरुले जमा गरेको रकम सम्झनु पर्छ ।

(द) **"सूचिकरण"** भन्नाले गरीबी निवारण कोषबाट गठन गरीएका सामुदायिक संस्था गाउँपालिकामा सूचिकरण गर्ने भन्ने सम्झनु पर्छ ।

(ध) **"सकृय सहकारी संस्था"** भन्नाले सहकारी ऐन र विनियम बमोजिम सञ्चालनमा रहेका सहकारी संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य

**३. उद्देश्यः कार्यविधिका उद्देश्य निम्न अनुसार हुनेछन् ।**

(क) गरीबी निवारण कोषवाट आयआर्जनको लागि उपलब्ध घुम्तीकोष अनुदान रकमलाई व्यवस्थित गरीसामुदायिक संस्थाहरु एवं त्यहाँ रहेका घुम्ती कोषको दिगो र प्रभावकारी परिचालन गर्ने ।

(ख) छरिएर रहेको पूँजीलाई सहकारीको माध्यमवाट एकिकृत गरी परिचालन गर्ने ।

(ग) खराव कर्जा असुल उपर गर्ने ।

(घ) कोषको अवस्था अध्यावधिक गर्ने ।

(ङ) कोष परिचालनमा प्रभावकारीता ल्याउने ।

(च) खराब कर्जा अपलेखन गर्ने ।

## परिच्छेद ३
## सामुदायिक संस्था व्यवस्थापनका क्षेत्र

**४. सामुदायिक संस्थाकै मान्यतामा संस्था सञ्चालन हुनेः** (१) उद्देश्य अनुरुप समूह र कोष सञ्चालन भइरहेको अवस्थामा समूहको निर्णय वमोजिम सामुदायिक संस्थाकै मान्यतामा संस्थाहरु सञ्चालन हुनेछन् ।

*पहिलो संशोधन

(४) खराव कर्जा अपलेखनका लागि आवश्यक प्रकृया पूरागरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

(५) गरिबी निवारण कोष व्यवस्थापन सम्बन्धी अभिमूखिकरण गर्ने ।

(६) गरिबी निवारण कोष सम्बन्धी प्रतिवेदन ३/३ महिनामा गाउँ कार्यापालिकामा पेश गर्ने ।

(७) गरिबी निवारण कोष व्यवस्थापन प्रकृयामा आएका बाधा अवरोध फुकाउन गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

**१३. अनुगमन समितिः** (१) घुम्ती कोष रकम व्यवस्थित भए नभएको विषयमा अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ग) कृषि शाखा प्रमुख | सदस्य |
| (घ) सहकारी शाखा प्रमुख वा सम्पर्क व्यक्ति | सदस्य |
| (ङ) योजना शाखा प्रमुख | सदस्य सचिव |

**१४. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

(१) प्रत्येक सामुदायिक संस्थाको वैठक संचलन भए नभएको हेर्ने ।

(२) हिनामिना भएको वा भाकाभित्र ऋण असुली नभएको अवस्थामा सरकारी वॉकी सरह असुल भए नभएको हेर्ने ।

(३) खराव कर्जा अपलेखनका कारणहरु पत्ता लगाउने ।

(४) सामुदायिक संस्थाका सदस्यहरु तथा संस्थाहरु सहकारीमा आवद्ध भए नभएको हेर्ने ।

(५) कोषको रकम सहकारीमा जम्मा गरे नगरेको हेर्ने ।

(६) अनुगमनको प्रतिवेदन ३/३ महिनामा घुम्तिकोष व्यवस्थापन समितिमा पेश गर्ने ।

**१५. घुम्ती कोष व्यवस्थापन सचिवालयः** (१) घुम्ती कोष रकम व्यवस्थित गर्न गाउँ कार्यपालिकामा तपसिल बमोजिमको सचिवालय रहनेछ ।

| | |
|---|---|
| (क) सहकारी शाखा प्रमुख वा सम्पर्क व्यक्ति | संयोजक |
| (ख) सम्बन्धित वडाका वडा सचिव | सदस्य |
| (ग) योजना शाखा प्रमुख वा प्रतिनिधि | सदस्य सचिव |

**१६. घुम्ती कोष व्यवस्थापन सचिवालको काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक संस्थाहरुलाई सकृय गराउन सहयोग गर्ने ।

(२) सामुदायिक संस्थाको वैठक सञ्चालनमा सहयोग गर्ने ।

(३) ऋण असुलि तथा खराव कर्जा अपलेखनमा सहयोग गर्ने ।

*पहिलो संशोधन

*अनुसूची-३

दफा १७ को उपदफा २ संग सम्बन्धित

निवेदनको ढाँचा

श्री संयोजक ज्यू

घुम्ती कोष व्यवस्थापन समिति

नौगाड गाउँपालिका, दार्चुला

बिषयः गरिबी निवारण कोषको घुम्ती कोष व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा गरिबी निवारण कोषबाट नौगाड गाउँपालिकाका ६ वटै वडाहरुमा (साविकका ईयरकोट, खार, सिप्टी र धुलिगडा गा.वि.स.) गठन गरिएका ९७ वटा सामुदायिक संस्थाहरुमा लगानी भएको र हाल सकृय भएको तथा नभएको कोषको अवस्था खोजी गर्ने, सामुदायिक संस्था नविकरण गर्ने र कोषको मार्गदर्शन बमोजिम परिचालन गर्ने कार्यमा सहजीकरण गर्न ईच्छुक भएकोले तपसिल बमोजिमका कागजात सहित यो निवेदन पेश गरिएको छ ।

आवश्यक कागजातहरुः

१. सहकारी संस्थाको निवेदन पत्र ।

२. सहकारी संस्थाको सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।

३. सहकारी संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि ।

४. गत आ.व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।

५. सहकारी संस्थाको बिनियमको प्रतिलिपि ।

निवेदकः

सहकारी संस्थाको नाम, ठेगानाः ....................

अध्यक्ष/प्रबन्धकको नामः .............................

दस्तखतः ..........................

मितिः ........................

सम्पर्क नं.: .........................

आज्ञाले,

पुष्कर सिह धामी

प्रमुख प्रशासकीय अधिकृत

*पहिलो संशोधन

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२